नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(.......................................................शाखा)

प.सं. : २०७३/७४
च.नं. : ५६

सिंहदरवार, काठमाण्डौं

## प्रेस विज्ञप्ति

मिति : २०७३।०८।२३

विहिवार, २३ मंसिर २०७३ को कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित "तयारी शुन्यप्रायः" शीर्षक अन्तर्गतको समाचार प्रति कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ । कानून मन्त्रालायको एक अधिकारीको स्रोत उल्लेख गर्दै "संविधानको संक्रमणकालीन व्यवस्था अनुसार स्थानीय निकायको अन्तरिम निर्वाचन वा पुनः संरचनाबाट बन्ने स्थानीय तहमध्ये जुन निर्वाचन गर्ने सहमति बन्छ, त्यसैको छिटो प्रकृया अघि बढोस् भनेर कानून मन्त्रालयले तयार गरेको दुवै वैकल्पिक मस्यौदा गृहमा थन्किएका छन्" भनी तथा सोही समाचार शीर्षक अन्तर्गत "संविधान कार्यान्वयनसँग सम्बन्धित अन्य विधेयक पनि सरकार र संसदको प्राथमिकतमा छैनन्" भनी उल्लेख गरिएको कुरा यथार्थपरक नभएको र सर्वसाधारण नागरिकलाई दिग्भ्रमित पार्ने किसिमको समाचार भएकोले मन्त्रालयले सो कुराको खण्डन गर्दछ ।

निर्वाचन आयोग सम्बन्धी ऐन, राजनीतिक दल सम्बन्धी ऐन र मतदाता नामावली सम्बन्धी ऐनका विधेयकहरु व्यवस्थापिका-संसदमा विचाराधिन छन् । स्थानीय तहको निर्वाचन ऐन सम्बन्धी विधेयक नेपाल सरकार, मन्त्रिपरिषदबाट व्यवस्थापिका-संसदमा पेश गर्न स्वीकृति प्रदान भईसकेको र निर्वाचन (अपराध र सजाय) ऐन सम्बन्धी विधेयकमा यस मन्त्रालयले तर्जुमा सहमति दिई गृह मन्त्रालयमा पठाइसकेको र संविधान कार्यान्वयन गर्न आवश्यक कानूनको तर्जुमा कार्यलाई उच्चतम प्राथमिकता दिई मन्त्रालयले कार्य गरिरहेको कुरा आम सञ्चार माध्यम र सबैको जानकारीको लागि उल्लेख गर्न चाहन्छु ।

संविधानले निर्दिष्ट गरेको समयभित्रै निर्वाचन सम्पन्न गर्न वर्तमान सरकार प्रतिबद्ध रहेको र सोको लागि आवश्यक पर्ने कानून यथासमयमै अविलम्ब तर्जुमा हुने र त्यसको लागि आवश्यक तयारी पूरा भईसकेको समेत उल्लेख गर्दछु ।

साथैं, नेपालको संविधान कार्यान्वयन गर्न आवश्यक कानूनको निर्माणको अद्यावधिक स्थितिको बारेमा आम सञ्चार माध्यमसँग नियमित रुपमा अन्तरकृया गर्ने गरिएको, मन्त्रालयको वेवसाइटमा समेत सोको अद्यावधिक जानकारी उपलब्ध हुने गरेको तथा संविधान कार्यान्वयन गर्न आवश्यक कानून तर्जुमाको अद्यावधिक स्थितिको जानकारी मन्त्रालयको प्रवक्ताबाट कुनै पनि समयमा उपलब्ध हुने र भईरहेको समेत जानकारी गराउन चाहन्छु ।

कान्तिपुर दैनिक जस्तो विश्वसनीय सञ्चार माध्यमबाट भावी दिनमा यथार्थपरक र सही सूचना सम्प्रेषण हुनेछ भन्ने अपेक्षा गर्दछु ।

डिल्लीराज घिमिरे
प्रवक्ता
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४-२११६८४